आज मिति २०८२ साल असोज २३ गते बिहिबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८२/०८३ को तेस्रो बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थितिः**

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका– २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका– ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका– ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका– ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री कृष्ण वहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रित**

लेखा अधिकृत श्री वाचस्पति सुनुवार

शाखा अधिकृत श्री लिलानाथ नेपाल

सहायक श्री प्रेम प्रसाद खनाल

जिनु का.स. श्री पिउ माया लोप्चन

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

__प्रस्ताव तथा छलफलका विषयहरू:__

१. पदस्थापन सम्बन्धमा ।

२. लघु उद्यम विकास कार्यक्रमका लागि वडा छनोट सम्बन्धमा ।

३. अर्थ मन्त्रालयको निर्णय कार्यान्वयन गर्ने/गराउने परिपत्र सम्बन्धमा ।

४. वडा नं. ५ को भवन निर्माण कार्यको म्याद थप अनुमोदन गर्ने सम्बन्धमा ।

५. सामी कार्यक्रम र स्वास्थ तर्फको कार्यक्रम संचालनका लागि जनशक्ति माग सम्बन्धी विज्ञापन गर्ने सम्बन्धमा ।

६. स्थगित बार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा ।

७. नदिजन्य पदार्थको नगदी रसिद छपाई सम्बन्धमा ।

८. कार्यविधी स्विकृत गर्ने सम्बन्धमा ।

९. सेतीभूमि मा.वि.को मा.शि.राहत तृतीय श्रेणीको विषय परिवर्तन र नियुक्तीका लागि अनुमती प्रदान गर्ने सम्बन्धमा ।

१०. सोलार वत्ती मर्मत सम्बन्धमा ।

११. विपदको समयमा तत्कालै उपलब्ध गराउन खरिद गरिएको पाईपको रकम भुक्तानी सम्बन्धमा ।

१२. वडा नं. ३ को डिखेत भन्ने स्थानमा भएको विपद् बाट प्रभावित परिवारलाई अस्थायी वसोवास व्यवस्थापनका लागि भएको खर्च भुक्तानी सम्बन्धम ।

१३. बाखा पटेक क्षेत्र कार्यक्रम संचालनका लागि बडा छनोट तथा कार्यक्रम स्विकृती सम्बन्धमा ।

१४. वडा नं. २ को नाली निर्माण सम्बन्धमा ।

१५. विविध ।

## __निर्णयहरू:__

### __निर्णय नं. १__

बागमती प्रदेश, मुख्यन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, हेटौंडा, मकवानपुरको च.नं. ४२३ मिति २०८२/०६/०२ गतेको सरुवा पत्रानुसार यस कार्यालयमा बेलकोटगढी नगरपालिका नुवाकोटबाट सरुवा भै मिति २०८२/०६/०७ देखि हाजिर हुनु भएका स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, इन्जिनियर/सातौं तहका श्री रामशरण अधिकारीलाई पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन (प्राविधिक) शाखाको अधिकृतस्तर सातौं तह (प्राविधिक), स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, इन्जिनियर पदमा रहने गरी पदस्थापना गरी शाखा प्रमुखको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

### __निर्णय नं. २__

कालिका गाउँपालिकामा विगत लामो समय देखि संचालनमा रहेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनका लागि चालु आ.व. २०८२/०८३ का लागि वडा नं. ४ र ५ लाई छनोट गर्ने निर्णय गरियो ।

### __निर्णय नं. ३__

नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरबार काठ्माण्डौंको च.नं. ११८ मिति २०८२/०६/०७ को निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमाको स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई पठाईएको पत्रबाट नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२/०६/०५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मित्व्ययिता कायम गर्ने सम्बन्धी भएको निर्णय कार्यान्वयनका लागि प्राप्त भएकाले उक्त परिपत्र बाचन गरी कार्यपालिका समक्ष सुनाई पत्रानुसार मन्त्रिपरिषदबाट भएका निर्णयहरु कार्यान्वयनका लागि गाउँपालिकाले प्राथमिकताका साथ पहल गर्ने निर्णय गरियो । तर परिपत्रको ८ (ङ) मा स्वास्थ विमा शुल्क जस्ता वितरणमुखी कार्यक्रम संचालन गर्न नपाईने भनी उल्लेख भएको पाईएको तर गाउँपालिकाद्धारा जनताको स्वास्थ सेवाको सुरक्षाका लागि स्वास्थ विमा कार्यक्रम विगत आ.व.हरु देखि निरन्तर रुपमा संचालनमा रहेको तथा स्वास्थ विमा कार्यक्रम गाउँपालिकाको गाउँ सभाद्धारा गौरबका कार्यक्रम भनी बजेट विनियोजन गरेकोले सो कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

### __निर्णय नं. ४__

कालिका गाउँपालिकाको स्विकृत कार्यक्रम ५ नं. वडा भवन निर्माण कार्यका लागि ठेक्का प्रक्रियाद्धारा छनोट भएको अधिकारी निर्माण सेवा/एल.एस. कन्ट्रक्सन जे.भी. ले मिति २०८२/०५/०९ गते अविरल बर्षातका कारण तोकिएको

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धैबुङ, रसुवा बागमती प्रदेश, नेपाल २०७२

समयमा कार्य सम्पन्न गर्न नसकिएकोले निर्माण कार्यको म्याद ३ महिनाका लागि थप गरिदिन बैंक जमानत तथा विमाको म्याद समेत थप गरी पेश गरेको सन्दर्भमा गाउँपालिका अध्यक्ष ज्यू सँगको परामर्शमा गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतस्तरको मिति २०८२/०५/२७ को निर्णयानुसार प्रथम एवं अन्तिम पटकका लागि मिति २०८२/०८/३० गते सम्म ३ महिनाका लागि म्याद थप गर्न भएको निर्णय अनुमोदन गर्नुको साथै उल्लेखित समयमा काम सम्पन्न गरी गाउँपालिकालाई भवन हस्तान्तरण गर्न निर्माण व्यवसायीलाई निर्देशन दिने तथा सो समय सिमाभित्र हस्तान्तरण नगरेमा सार्वजनिक खरिद ऐन नियमावली अनुसार पूर्वनिर्धारीत क्षतीपूर्ती भराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सँगको साझेदारीमा यस गाउँपालिकामा कार्यक्रम संचालन गर्न कार्यक्रम संचालन मार्गदर्शन २०८१ अनुसारं आवश्यक पर्ने जनशक्तिको पदपुर्ती तथा स्वास्थ्य तर्फ संघिय सशर्त अनुदानमा प्राप्त बजेटबाट कार्यक्रम संचालँन निर्देशीका अनुसारको जनस्वाथ्य अधिकृत को पदपुर्ती प्रक्रिया अगाडि बढाउन प्रमखु प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

कालिका गाउँपालिकाद्धारा आ.व. २०८१/०८२ मा संचालित वार्षिक कार्यक्रम तथा आयोजनाहरुको वार्षिक प्रगती समिक्षा कार्यक्रम २०८२ भाद्र २५ गते सम्पन्न गर्ने गरी तय गरिएकोमा भाद्र २३ र २४ गतेको जेन-जी आन्दोलनका कारण उत्पन्न भएको विषम परिस्थितका कारण स्थगित गरिएकोमा उक्त बार्षिक्र समिक्षा कार्यक्रम तपशिलको मिति, स्थान र समयमा गर्ने निर्णय गरियो ।

**तपशिल**

मिति: २०८२/०७/१३ गते

स्थान : कालिका गाउँपालिकाको कार्यालय धैवुङ रसुवा ।

समय : विहान ११:०० बजे

**निर्णय नं. ७**

कालिका गाउँपालिकाद्धारा आ.व. २०८२/०८३ मा नदिजन्य पदार्थ ढुंगा, गिट्टी र वालुवा तथा पेवल संकलनका लागि आवश्यक नगदी रसिद क्र.सं. १ देखि २००० सम्म छपाई गरी प्रयोग गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

कालिका गाउँपालिका र मातहतका कार्यालयद्धारा संचालित विभिन्न कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित कार्यविधिहरु स्विकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**तपशिल**

१. कालिका गाउँपालिका करार शिक्षक, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि २०८२
२. कालिका गाउँपालिका आधारभूत अस्पताल संचालन कार्यविधि २०८२
३. कालिका गाउँपालिका स्वयमसेवक शिक्षक छनोट तथा व्यवस्थापन कार्यविधी २०८२

**निर्णय नं. ९**

कालिका गाउँपालिका वडा नं. १ स्थीत श्री सेतीभूमे मा.वि. बाट त्यस विद्यालयको नि.मा.शि. तृतीय (राहत) सामाजिक विषयको दरबन्दी रहेको र उक्त सामाजिक विषयलाई विद्यालयको आवश्यकताको आधारमा नि.मा.शि. (राहत) तृतीय श्रेणी अंग्रेजी विषयमा परिवर्तन गरी शिक्षक पदपुर्तीका लागि विज्ञापन गर्न वडा शिक्षा समितिको निर्णय सहित अनुरोध भएकोले वडा शिक्षा समितिको निर्णयानुसार विषय परिवर्तनका लागि शिक्षा समन्वय इकाई धुन्चे रसुवामा अनुरोध गर्ने र शिक्षा समन्वय ईकाइबाट विषय परिवर्तनको पत्र प्राप्त भए पश्चात मात्र विद्यालयलाई शिक्षक पदपुर्तीको विज्ञापन गर्न अनुमती प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धैवुङ, रसुवा बागमती प्रदेश, नेपाल २०७३

**निर्णय नं. १०**

कालिका गाउँपालिकाद्धारा विभिन्न मितिमा गाउँपालिकाको विभिन्न क्षेत्रहरुमा आ.व. २०८१/०८२सम्म जडान गरिएका सोलार वत्तीहरु कतिपय स्थानहरुमा मर्मत गर्नुपर्ने अवस्था रहेकोले मर्मत गरी चालु अवस्थामा ल्याउन स्थानीय समुदायहरुबाट माग भएको र मर्मत गरी सुचारु गर्न पर्ने आवश्यकता पनि रहेकोले प्राविधिक सहित स्थलगत अनुगमन गराई मर्मत सम्भार गरी सुचारु अवस्थामा राख्ने व्यवस्था मिलाउन गाउँपालिकाको प्राविधि शाखा र जिन्सी शाखालाई निर्देशन दिने तथा सो को खर्च उपाध्यक्ष विकास कार्यक्रम शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

कालिका गाउँपालिकाद्धारा चालु आ.व. २०८२/०८३ को श्रावण, भाद्र र असोज महिनामा भारी वर्षातले सिर्जना भएको बाढी पहिरो जन्य विपदका कारण खानेपानी तथा सिंचाई सेवा अवरुद्ध भै तत्कालै सुचारु गर्नका लागि बजारबाट खरिद गरी तत्कालै उपलब्ध गराईएको पाईप खरिदको रकम रु.४,६५,०००।– अध्यक्ष विकास कार्यक्रम शिर्षकबाट भुक्तानी गर्न प्रमख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

कालिका गाउँपालिका वडा नं. ३ मा रहेको डि खेत भन्ने स्थानको वस्ती पहिरोको जोखिममा परेका कारण ६ घरधुरी प्रभावित भएको जस मध्ये ४ घरधुरीमा वसोवास गर्न उच्च जोखिम भएकाले तिनीहरुलाई तत्कालै अस्थायी टहरा निर्माण गरी सुरक्षित स्थानमा वसोवासका लागि गाउँपालिकाबाट जस्तापाता, किला, काटी लगायतको सामाग्री सहयोग तथा व्यवस्थापन गर्दा भएको खर्च रु. १,००,०००।–(एक लाख) गाउँपालिकाको उपाध्यक्ष विकास कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

कालिका गाउँपालिकालाई चालु आ.व. २०८२/०८३ का लागि संघिय शसर्त कार्यक्रम तर्फ कार्यान्वयनका लागि प्राप्त भएको बाख्रा पकेट कार्यक्रम शिर्षकको रु. १५ लाख बजेट कार्यान्वयन गर्ने शिलशिलामा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको दफा ४.१.८ अनुसार गठित प्राविधिक समितिको मिति २०८२/०६/२३ गतेको निर्णय नं. १ र २ लाई अनुमोदन गरी उक्त कार्यक्रम कालिका गाउँपालिकाको वडा नं. ३ र ४ मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

कालिका गाउँपालिका वडा नं. २ को भवन वरीपरीको नाली निर्माणका लागि प्राविधिक ल.ई. अनुसारको कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन अनुसारको रकम २ नं. वडा अन्तरगत स्विकृत साना तथा आकस्मिक योजना शिर्षकबाट भुक्तानी गर्न सम्बन्धित वडा कार्यालयको सिफारिस तथा वडा समितिको निर्णय सहित प्राप्त भएकोले वडा समितिको निर्णय अनुमोदन गरी रकम भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा कालिका गाउँपालिकाको "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम कालिका गाउँपालिका वडा नं. ५ श्री विशेष कनस्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले दिएको निवेदन उपर प्राविधिक समितिबाट आवश्यक कागजात जाँचबुझ गरी कार्यविधी बमोजिम इजाजत पत्र उपलब्ध गराउन सिफारिस भै आएको हुँदा उक्त श्री विशेष कनस्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कालिका-५ रसुवालाई "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३